# म्याङलुङ्ग नगर सभाको प्रथम अधिवेशनमा २०७४ साल पौष २७ गते नगर उपप्रमुख श्री पार्वती सानु डाँगी पौडेल ज्युले प्रस्तुत गर्नु भएको

# आर्थिक बर्ष २०७४/७५ को बजेट बक्तव्य

म्याङलुङ्ग नगरपालिका
२०७४

## सभाको सभाध्यक्ष महोदय,

१.  नेपालको संविधान अनुसार स्थानीय तहको निर्वाचनबाट सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले निर्वाचित गरेका म्याङलुङ्ग नगरपालिका सरकारको यस गरिमामय ऐतिहासिक प्रथम नगरसभा समक्ष आर्थिक वर्ष २०७४/७५ का लागि बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा अत्यन्तै गौरवको अनुभूति गरेको छु । आज २०७४ साल पौष २७ गते हाम्रो लागि एक महत्वपूर्ण ऐतिहासिक दिन वन्नेछ । नेपालीहरुको चाहना र आवश्यक्तालाई आत्मासात् गर्दै नेपालमा न्याय, समानता, स्वाधीनता, स्वतन्त्रता र समृद्धि प्राप्तिका खातिर विभिन्न समयमा सम्पन्न भएका लोकतान्त्रिक आन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक सम्मान् प्रकट गर्दछु ।

२. संबैधानिक रुपमै स्थानीय तहको सरकारको रुपमा प्रस्तुत हुंदै गर्दा हामी नेपालको इतिहासमा नयाँ युगमा प्रवेश गरेका छौं । संविधान मार्फत स्थानीय तह राजनैतिक अधिकार सहित स्थानीय सरकारको रुपमा संस्थागत गर्न सफल भएका छौं । सबै प्रकारको विभेद र असमानताको अन्त्य गर्दै न्यायपूर्ण सामाजिक समावेशीकरणको मूल्य र मान्यतालाई स्थापित गर्दै सबैलाई समान अधिकार, समान अवसर र समान मर्यादा प्रदान गरेको कुरा यस सभाको सहभागिताले समेत प्रमाणित गरेको छ । स्थानीय तहको सरकारको रुपमा आगामी दिनमा संविधानको परिकल्पना अनुरुप सामाजिक न्याय र समाजवादको लक्ष्यमा पुग्न यस नगरलाई जीवन्त आर्थिक समृद्धिको केन्द्रको रुपमा स्थापित गर्नु पर्नेछ । अवको हाम्रो एजेण्डा भनेको "सवैको रहर : स्वच्छ, सुन्दर समृद्ध म्याङलुङ्ग शहर" भन्ने मूल मन्त्रलाई आत्मसात् गर्दै यस नगर क्षेत्रलाई नेपालकै एक नमूना, समृद्ध, ब्यवस्थित, सुविधा सम्पन्न र सुन्दर शहरको रुपमा स्थापित गर्नु हुनेछ ।

३. संविधानले दिएको अधिकार भित्र म्याङलुङ्ग नगरपालिकालाई स्थानीय तहको सरकारको रुपमा क्रियाशील बनाउदै आर्थिक सामाजिक र पूर्वाधार विकास, सार्वजनिक सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण र शहरी सुशासन व्यवस्थापनका लागि उच्च प्राथमिकता दिँदै संविधानको भावना र मर्म अनुरुप स्थानीय तह संचालनका लागि आवश्यक कानूनहरु निर्माण गर्ने र नगरको आर्थिक समृद्धिलाई केन्द्रमा राखी विकास र नगर सुशासनका कार्यक्रमहरु संचालन गरी म्याङलुङ्ग नगरवासीलाई सेवा र सुविधा सम्पन्न बनाउनुनै हामी सबैको साझा मान्यता र प्रतिबद्धता हो ।

४. आर्थिक वर्ष २०७४/७५ को बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानको भावना र मर्म, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट उपलब्ध गराइएको नमूना , स्थानीय सरकार संचाल ऐन, २०७४ र नेपाल सरकार, अर्थ मन्त्रालयबाट जारी गरिएको स्थानीय तहमा बजेट तर्जुमा, कार्यविधि, यसै सम्मानित सभामा नगर प्रमख ज्युबाट पेश भई पारित अल्पकालिन तथा दिर्घकालिन नीति तथा कार्यक्रमलाई मूल आधार मानिएको छ साथै तत्कालीन स्थानीय निकायको रुपमा रहेको म्याङलुङ्ग नगरपालिकाका निर्णय, स्वीकृत वार्षिक बजेट, नीति तथा कार्यक्रमलाई समेत मार्गदर्शनको रुपमा लिइएको छ ।

५. मैले बजेटमा कार्यक्रमहरु प्रस्ताव गर्दा नेपालको संविधानमा उल्लेख भएका मौलिकहकहरु, राज्यका निर्देशक सिद्धान्तहरु, यस सभामा पेश हुने विनियोजन ऐन, आर्थिक ऐनका सिद्धान्तहरु, वडा भेलाका क्रममा आम नगरवासी नागरिकहरुबाट प्राप्त राय, सल्लाह र सुझाव तथा वडा समितिले प्राथमिकीकरण गरेका योजना तथा कार्यक्रमलाई मार्गदर्शनका रुपमा लिइएको छु । वार्षिक बजेट नीति तथा कार्यक्रम तय गर्दा महिला, बालवालिका, आदिवासी जनजाती तथा पिछडिएको वर्ग र क्षेत्र, दलित र अल्पसंख्यकमा लक्षित कार्यक्रमहरु सञ्चालनमा विनियोजित बजेट सहितको कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छु ।

## सभाध्यक्ष महोदय

**मुलत बजेट निर्माण गर्दा निम्न अनुसारका क्षेत्रलाई आयोजना/कार्यक्रम प्राथमिकिकरणका आधारहरु बनाएकोछु :**

१)नगर सभाबाट पारित म्याङलुङ्ग नगरपालिकाको आ व २०७४/७५ को नीति तथा कार्यक्रम

२) आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने

३) उत्पादनमूलक र छिटो प्रतिफल दिने (ठुला आयोजनाको हकमा बढीमा ३ वर्ष भित्र सम्पन्न हुने )

४) राजश्व परिचालनमा योगदान पुग्ने

५) सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुग्ने

६) स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागितामा अभिवृद्धि हुने

७) लैङ्गिक समानता, समाजिक समावेशीकरणको अभिवृद्धि हुने

८) दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पग्ने

९) समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने

१०) स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने

११) स्थानीय तहले आवश्यक देखेको अन्य विषयहरु

## सभाध्यक्ष महोदय

**उपरोक्त आधारहरुमा देहायको सोच लक्ष्य र उदेश्यका साथ बजेट निर्माण गरिएको सम्मानित सभामा राख्न चाहान्छु ।**

**सोंच**

१. यो नगरपालिकाको दीर्घकालीन सोच (Vision) "सवैको रहर : स्वच्छ, सुन्दर समृद्ध म्याङलुङ्ग शहर" रहेको छ ।

**लक्ष्य**

२ . म्याङलुङ्ग नगरपालिकामा जिवन्त रहेका धार्मिक, साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुलाई संरक्षण र प्रवर्द्धन गर्दै एकीकृत पर्यटन विकास गरिनेछ । म्याङलुङ्ग नगरलाई शैक्षिक गन्तव्यको रुपमा विकास गर्दै कृषिमा आधुनिकीकरण एवम् साना घरेलु उद्योगलाई सवलीकरण गर्दै सुरक्षित र गतिशील आर्थिक विकास केन्द्रको रुपमा विकास गरिनेछ । महिला ,बालबालिका तथा विपन्न वर्गको शसक्तिकरणमा जोड दिईनेछ ।

**उद्देश्य**

३. म्याङलुङ्ग नगरपालिकाको मूल उद्देश्य नगरवासीहरुका आधारभूत आवश्यकता पुरा गर्दै सामाजिक, आर्थिक र शैक्षिक क्षेत्रमा सवल र सशक्त बनाई नगरमा पूर्वाधार विकास गर्दै यो नगर स्वच्छ सुन्दर समुन्नत र समृद्ध बनाईनेछ ।

## _सभाध्यक्ष महोदय,

अब म बजेटको विनियोजन र स्रोतका व्यवस्था सम्वन्धी योजना प्रस्तुत गर्दछु । चालु आ. व .को आय-व्यय प्रस्तुत गर्नु अघि गत आ. व. को समिक्षा प्रस्तुत गर्दछु ।

म्याङलुङ्ग नगरपालिकाको विगत आर्थिक बर्ष २०७३/७४ मा कुल नेपाल सरकार बाट प्राप्त चालु पुजिगत र सामाजिक सुरक्षा तथा आन्तरीक आय सहितको बजेट ९ करोड ६१ लाख ६७ हजार ४सय ९६ रहेको थियो त्यस मध्ये गत आर्थिक बर्ष २०७३/७४ पुजिगत खर्च तर्फ रु ५ करोड ७९ लाख ७२ हजार ९ सय ३७ , चालु खर्चतर्फ रु ५८ लाख ८० हजार ८ सय ८७ पैसा २९ र सामाजिक सुरक्षाखर्चतर्फ रु २ करोड ५४ लाख ५४ हजार ४सय खर्च भई आन्तरीक आय तथा नगर पुजीगत बजेट समेत गरी रु ६८ लाख ५९ हजार २ सय ९१ रुपैया पैसा ७१ मौज्दात रहन गएको थियो । मौज्दात रकममा आर्थिक वर्ष २०७३/७४ मा म्याङलुङ नगरपालिकामा प्राप्त भएको यथार्थ आन्तरीक आय २८ लाख २६ हजार ६सय ९९ समेत समावेश रहेको छ भने २०७३/७४ को नगद लागत सहभागिता रु ३५ लाख २९ हजार ६ सय ६२ समेत रहेको थियो ।

**अब म चालु आर्थिक बर्षको लागि प्रस्ताव गरिएको आय-व्यय प्रस्तुत गर्दछु ।**

**चालू खर्च, पूँजिगतखर्च र बित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.**32,98,14,123÷12 **(अक्षेरुपी बत्तिस करोड अन्ठानब्बे लाख चौध हजार एक सय तेईस पैसा बाह्र मात्र) विनियोजन गरिएको छ। कुल विनियोजन मध्ये चालु तर्फ १८ करोड ५९ लाख ५२ हजार ६ सय र पूँजिगत तर्फ १४ करोड १३ लाख ८९ हजार १ सय ६८ पैसा १२ रहेको छ। धरौटी तर्फको ( बित्तियव्यवस्था ) रु २४ लाख ७२ हजार ३ सय ५५ रहेको छ। कुल विनियोजनको चालु तर्फ ५६.३८ प्रतिशत , पूँजिगत तर्फ ४२.८६ प्रतिशत धरौटी तर्फ ०.७६ प्रतिशत रहेको छ। चालु खर्चमा नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान ( शिक्षा, स्वास्थ्य र आयुर्वेद) तर्फको १२ करोड १२ लाख ९८ हजार र सामाजिक सुरक्षातर्फको २ करोड ६७ लाख ४६ हजार ६ सय, वित्तिय सामान्यीकरणको रकम मध्ये नगरपालिकाको लागी छुट्टाईएको चालु खर्च २ करोड ४२ लाख ३७ हजार, वडाको चालु खर्च १ करोड १७ लाख र एल. जि. सि. डि. पि तर्फको १४ लाख ६१ हजार र विषयगत शाखा चालु खर्च रु ५ लाख १० हजार समावेश गरिएको छ। यसरी हेर्दा म्याङलुङ्ग नगर कार्यपालिकाको कार्यालय र वडाको चालु खर्च ३ करोड ५९ लाख ३७ हजार रहेको छ जुन कुल चालु खर्चको १९.३२ प्रतिशत र कुल बजेटको ११.१५प्रतिशत हुन आउँछ।**

**म्याङलुङ्ग नगरपालिकाको कुल आन्तरिक आय तर्फ राजश्व बाडफाड सहित ८१ लाख अनुमान गरिएको छ। नगरपालिकाको कुल विनियोजनमा आन्तरिक आयको हिस्सा २.५१ प्रतिशत मात्र रहेको छ भने वित्तिय सामान्यीकरणतर्फको हिस्सा ४.९१ प्रतिशत मात्र रहेको छ। यसै गरी गतवर्षको मौज्दात ६८ लाख ५९ हजार २ सय ९१ रुपैया पैसा ७१ रहेको छ। जुन कुल विनियोजनको २.१२ प्रतिशत हुन आउछ भने वित्तिय सामान्यीकरणको ४.१६ प्रतिशत हुन आउछ।**

**सभाध्यक्ष महोदय,**

**अव म चालु आर्थिक बर्षको लागि प्रस्ताव गरिएका मुख्य मुख्य आयोजना तथा कार्यक्रमको बजेट प्रस्तुत गर्दछु :**

# १. आर्थिक विकास तर्फ

## क. कृषि .

म्याङलुङ्ग नगरक्षेत्र भित्रका जनताको आयलाई बढोत्तरी गर्न चालु आ व मा विषयगत शाखा अर्न्तगत संचालन हुने कृषि तथा पशु विकास कार्यक्रम र वडाबाट प्राथमिकिकरण भई आएका कृषि तथा पशु विकास कार्यक्रम गरी ५६ वटा आयोजना तथा कार्यक्रमहरुमा १०% नगद लागत सहभागीता सहित कुल १ करोड ५३ लाख ८३ हजार बजेट बिनियोजन गरिएको छ।१०% नगद लागत सहभागिता बाहेक कुल १ करोड ५२ लाख ६० हजार हुने उक्त रकम वित्तिय सामानीकरण बजेटको ९.२५ प्रतिशत हुन आउँछ। उक्त रकममा उत्कृष्ट कृषक तथा पशुपालकलाई पुरस्कृत गर्न विनियोजन गरिएको रु १ लाख समेत समावेश गरिएको छ।

## ख. उद्योग तथा वाणिज्य .

म्याङलुङ्ग नगरक्षेत्र भित्रका जनताको आयलाई बढोत्तरी गर्न उद्योगको विकास गरी जनताको आयवृद्धिको लागी ५ वटा आयोजना तथा कार्यक्रमहरुमा १०% नगद लागत सहभागीता सहित कुल १० लाख २२ हजार बजेट बिनियोजन गरिएको छ।१०% नगद लागत सहभागिता बाहेक कुल १० लाख हुने उक्त रकम वित्तिय सामानीकरण बजेटको ०.६१ प्रतिशत हुन आउँछ।

## ग. पर्यटन

म्याङलुङ्ग नगरक्षेत्रमा पर्यटन विकास गरी रोजगारीको वृद्धि गर्न र नगरका जनताको आर्थिक अवस्था विकास गर्न पर्यटन विकासका ५ वटा आयोजनाहरुमा १०% नगद लागत सहभागीता सहित कुल १५ लाख बजेट बिनियोजन गरिएको छ। १०% नगद लागत सहभागिता बाहेक कुल १३ लाख ५० हजार हुने उक्त रकम वित्तिय सामानीकरण बजेटको ०.८२ प्रतिशत हुन आउँछ।

## घ. सहकारी .

तिनखम्वे नीतिअनुसार म्याङलुङ्ग नगरको समग्र विकासकोलागी सहकारीतर्फ ३ वटा आयोजना तथा कार्यक्रमहरुमा १०% नगद लागत सहभागीता सहित कुल ६ लाख ६७ हजार बजेट बिनियोजन गरिएको छ।१०% नगद लागत सहभागिता बाहेक कुल ६ लाख हुने उक्त रकम वित्तिय सामानीकरण बजेटको ०.३६ प्रतिशत हुन आउँछ।

## ङ. वित्तिय क्षेत्र .

म्याङलुङ्ग नगरमा वित्तिय क्षेत्रको विकास गरी नगरको विकासमा साझेदारी लाई बढोत्तरी गर्न तथा समग्र जनताको आयलाई दिर्घकालिनरुपमा स्थिर गर्नको लागी २ वटा आयोजना तथा कार्यक्रममा १०% नगद लागत सहभागीता सहित कुल ३ लाख ८९ हजार बजेट बिनियोजन गरिएको छ । १०% नगद लागत सहभागिता बाहेक कुल ३ लाख ५० हजार हुने उक्त रकम वित्तिय सामानीकरण बजेटको ०.२१ प्रतिशत हुन आउँछ।

# २. सामाजिक विकास तर्फ

## क. शिक्षा

नगरका विभिन्न वडाबाट प्राथमिकिकरण भई आएका र अन्य आवश्यकताको आधारमा शिक्षा तर्फ नगरस्तरीय र वडास्तरीय १९ वटा पूर्वाधार , पुस्तक खरिद र व्यवस्थापन योजना तथा कार्यक्रमहरुमा १०% नगद लागत सहभागीता सहित कुल ४१ लाख ७७ हजार बजेट बिनियोजन गरिएको छ । १०% नगद लागत सहभागिता बाहेक कुल ३८ लाख ७० हजार हुने उक्त रकम वित्तिय सामानीकरण बजेटको २.३३ प्रतिशत हुन आउँछ । उक्त रकममा अनुगमनलाई व्यवस्थीत वनाउन विद्यालय ई–हाजीरीको लागी विनियोजन गरिएको रु ५ लाख समेत समावेश रहेको छ ।

## ख. स्वास्थ्य

नगरका विभिन्न वडाबाट प्राथमिकिकरण भई आएका र  नगरमा रहेका जनतालाई स्वास्थ्य सेवाको पहुच विस्तार ,स्वास्थ्य सम्वन्धी सेवा प्रवाह र पुर्वाधार विकासको लागी नगरस्तरीय र वडास्तरीय १३ वटा योजना तथा कार्यक्रममा १०% नगद लागत सहभागीता सहित कुल १७ लाख ८४ हजार बजेट बिनियोजन गरिएको छ । १०% नगद लागत सहभागिता बाहेक १७ लाख ४० हजार हुने उक्त रकम वित्तिय  सामानीकरण बजेटको १.१ प्रतिशत हुन आउँछ । उक्त रकममा जेष्ठ, असहाय र अपाङ्गका लागी निशुल्क औषधी वितरण तथा स्वास्थ्य शिविर संचालनका लागी विनियोजन गरिएको रु ५ लाख समेत समावेश रहेको छ ।

## ग. खानेपानी तथा सरसफाई

नगरका विभिन्न वडाबाट प्राथमिकिकरण भई आएका र अन्य आवश्यकतालाई परिपुर्ति गर्नको लागी नगरस्तीय र वडास्तरीय ३८ वटा खानेपानी तथा सरसफाई मर्मत योजना तथा कार्यक्रमहरुमा १०% नगद लागत सहभागीता सहित कुल ८३ लाख ८ हजार बजेट बिनियोजन गरिएको छ ।१०% नगद लागत सहभागिता बाहेक कुल ७५ लाख ४० हजार हुने उक्त रकम वित्तिय  सामानीकरण बजेटको ४.५८ प्रतिशत हुन आउँछ ।

## घ. संस्कृति प्रवर्द्धन -

विभिन्न वडाबाट प्राथमिकिकरण भई आएका समेत गरी संस्कृति प्रवर्द्धन तथा विकासका लागी नगरस्तरीय र वडास्तरीय २७ वटा संस्कृति प्रवर्द्धन योजना तथा कार्यक्रमहरुमा  १०% नगद लागत सहभागीता सहित कुल २८ लाख ७७ हजार बजेट बिनियोजन गरिएको छ ।१०% नगद लागत सहभागिता बाहेक कुल  २७ लाख ३८ हजार हुनेउक्त रकम वित्तिय  सामानीकरण बजेटको १.७ प्रतिशत हुन आउँछ ।

## ङ. खेलकुद तथा मनोरञ्जन -

नगरमा खेलकुदको विकास र प्रवर्द्धन गर्न , खेलकुदलाई प्रतिस्पर्धी बनाउन,खेलकुदको पुर्वाधार विस्तार गर्न र वडाका खेलकुदको विकासको लागी नगरस्तरीय र वडास्तरीय २१ वटा पूर्वाधार तथा प्रवर्द्धन योजना तथा कार्यक्रमहरुमा १०% नगद लागत सहभागीता सहित कुल ४४ लाख ३ हजार बजेट बिनियोजन गरिएको छ । १०% नगद लागत सहभागिता बाहेक  ४० लाख ९५ हजार हुने उक्त रकम वित्तिय  सामानीकरण बजेटको २.४८ प्रतिशत हुन आउँछ । उक्त रकममा प्रत्येक वर्ष मेयरकप फुटवल खेलाउने गरी विनियोजन गरिएको रु४ लाख समेत समावेश गरिएको छ ।

## च. लैंगिक समानता तथा सामाजिक समावेशीकरण -

म्याङलुङ्ग नगरमा सामाजिक समावेशीकरणलाई उच्च प्राथमिकताका साथ प्रवर्द्धन गर्नको लागी वडाबाट प्राथमिकिकरण  भई आएका र अन्य आवश्यक सामाजिक समावेशीकरण तर्फका ४८ वटा नगरस्तरीय र वडास्तरीय योजना तथा कार्यक्रमहरुमा १०% नगद लागत सहभागीता सहित कुल ५६ लाख ४० हजार बजेट बिनियोजन गरिएको छ । १०% नगद लागत सहभागिता बाहेक कुल

५४ लाख ६५ हजार हुने उक्त रकम वित्तिय  सामानीकरण बजेटको ३.३१ प्रतिशत हुन आउँछ । उक्त रकममा वृद्धचौतारी निर्माणको लागी विनियोजन गरिएको रु ७ लाख र विपन्नसँग नगरपालिका कार्यक्रमको लागी विनियोजन गरिएको रु ८ लाख समेत समावेश रहेकोछ ।

# ३. पुर्वाधार विकास तर्फ

## क. स्थानिय सडक, पुल तथा झोलुङ्गेपुल -

१. नगरका विभिन्न वडाबाट प्राथमिकिकरण भई आएका र विभिन्न वडा केन्द्र जोडने गरी सडक निर्माण गर्न नगरस्तरीय र वडास्तरीय ११८ वटा सडक तर्फका पूर्वाधार योजनाहरुमा १०% नगद लागत सहभागीता सहित कुल ४ करोड २९ लाख ५९ हजार बजेट बिनियोजन गरिएको छ । १०% नगद लागत सहभागिता बाहेक कुल ३ करोड ८६ लाख ६३ हजार हुने उक्त रकम वित्तिय सामानीकरण बजेटको २३.४४ प्रतिशत हुन आउँछ । उक्त रकममा म्याङलुङ्ग नगरको गौरवको आयोजनाको रुपमा संचालन हुने म्याङलङ्ग रिङरोडमा विनियोजन गरिएको रु २० लाख समेत समावेश रहेको छ ।

२. सडकवोर्डबाट प्राप्त भएको रु ५५ लाख सडक स्तारोउन्नतीको लागी निर्धारण भएका योजनामा खर्च गर्ने व्यवस्था गरेकोछु । सोको विवरण अनुसुचीमा उल्लेख गरेकोछु ।

## ख. सिचाई -

नगर क्षेत्रभित्रका सिचाइको आवश्यकता रहेका वडाहरुवाट प्राथमिकिकरण भई आएका सिचाई तर्फका १८ वटा पूर्वाधार योजनाहरुमा  १०% नगद लागत सहभागीता सहित कुल २२ लाख ४७ हजार बजेट बिनियोजन गरिएको छ । १०% नगद लागत सहभागिता बाहेक कुल २० लाख २५ हजार हुने उक्त रकम वित्तिय  सामानीकरण बजेटको १.२३ प्रतिशत हुन आउँछ ।

## ग. भवन तथा सहरी विकास -

नगरका विभिन्न वडाबाट प्राथमिकिकरण भई आएका र नगरपालिकाको भवन समेतको लागी भवन तथा सहरी विकास तर्फका २० वटा नगरस्तरीय र वडास्तरीय पूर्वाधार योजनाहरुमा १०% नगद लागत सहभागीता सहित कुल १ करोड४९ लाख ६९ हजार बजेट बिनियोजन गरिएको छ ।१०% नगद लागत सहभागिता बाहेक कुल १करोड ४६लाख १२ हजार हुने उक्त रकम वित्तिय सामानीकरण बजेटको ८.८७ प्रतिशत हुन आउँछ । उक्त रकममा क्रमागत योजनाको रुपमा संचालित न. पा. भवन निर्माणको लागी विनियोजन गरिएको रु १ करोड समेत समावेश रहेको छ ।

## घ. उर्जा , लघु तथा साना जलविद्युत (वैकल्पीक उर्जा समेत) -

नगरका विभिन्न वडाबाट प्राथमिकिकरण भई आएका तथा अन्य प्राथमिकतामा परेका  ६ वटा नगरस्तरीय र वडास्तरीय उर्जाका योजनाहरुमा  १०% नगद लागत सहभागीता सहित कुल १८ लाख ९७ हजार बजेट बिनियोजन गरिएको छ । १०% नगद लागत सहभागिता बाहेक कुल १८ लाख ६० हजार हुने उक्त रकम वित्तिय  सामानीकरण बजेटको १.१३ प्रतिशत हुन आउँछ ।

## ङ. सञ्चार -

नगरमा सञ्चारको पहुच विस्तार तथा प्रचार प्रसार गर्न  सञ्चार तर्फका २ वटा नगरस्तरीय र वडास्तरीय योजना तथा कार्यक्रमहरुमा १०% नगद लागत सहभागिता बाहेक कुल ३ लाख ५० हजार हुने उक्त रकम वित्तिय  सामानीकरण बजेटको ०.२१ प्रतिशत हुन आउँछ । उक्त रकममा नगरवासीसँग मेयर र हेलोनगरपालिका कार्यक्रमको लागी विनियोजन गरिएको रु ३ लाख समेत समावेश रहेको छ ।

# ४. वातावरण तथा विपत व्यवस्थापन

## क. वन तथा भु-संरक्षण-

म्याङलुङ्ग नगर क्षेत्रभित्र वन तथा भु संरक्षणलाई सम्वर्द्धन गरी सुरक्षित नगरकोरुपमा विकास गर्न तथा विभिन्न वडाबाट प्राथमिकिकरण भई आएका वन तथा भु संरक्षण तर्फका ३ वटा नगरस्तरीय र वडास्तरीय, योजना तथा कार्यक्रमहरुमा १०% नगद लागत सहभागीता सहित कुल १८ लाख ८९ हजार बजेट बिनियोजन गरिएको छ ।१०% नगद लागत सहभागिता बाहेक कुल १८ लाख ५० हजार हुने उक्त रकम वित्तिय  सामानीकरण बजेटको १.१२ प्रतिशत हुन आउँछ ।

### ख. जलाधार संरक्षण -

नगर क्षेत्रभित्रका जलाधार संरक्षणको लागी १ वटा नगरस्तरीय योजनामा १०% नगद लागत सहभागीता सहित कुल ५६ हजार बजेट बिनियोजन गरिएको छ ।१०% नगद लागत सहभागिता बाहेक कुल ५० हजार हुने उक्त रकम वित्तिय सामानीकरण बजेटको ०.०३ प्रतिशत हुन आउँछ ।

### ग. वातावरण संरक्षण, जलवायु परिवर्तन -

म्याङलुङ्ग नगर क्षेत्रभित्रको वातावरण र जलवायुलाई स्वच्छ सुन्दर वनाउनको लागी वातावरण संरक्षण तर्फका नगरस्तीय २ वटा योजनाहरुमा १०% नगद लागत सहभागीता सहित कुल १९ लाख ३३ हजार बजेट बिनियोजन गरिएको छ । १०% नगद लागत सहभागिता बाहेक कुल १८ लाख हुने उक्त रकम वित्तिय सामानीकरण बजेटको १.०९ प्रतिशत हुन आउँछ ।

### घ. फोहोर मैला तथा ढल व्यवस्थापन -

म्याङलुङ्ग नगर क्षेत्रभित्रका फोहोरलाई समुचित विर्सजन, सौचालय निर्माण ,नगर भित्र ढल व्यवस्थापन गर्न र मठ मन्दिर सरसफाईको लागी विभिन्न वडाबाट प्राथमिकिकरण भई आएका १२ वटा नगरस्तरीय र वडास्तरीय , सरसफाई र फोहोरमैला व्यवस्थापनका योजना तथा कार्यक्रमहरुमा १०% नगद लागत सहभागीता सहित कुल ५९ लाख ८१ हजार बजेट बिनियोजन गरिएको छ । १०% नगद लागत सहभागिता बाहेक कुल ५६ लाख ७५ हजार हुने उक्त रकम वित्तिय सामानीकरण बजेटको ३.४४ प्रतिशत हुन आउँछ ।

### ङ. विपद व्यवस्थापन -

म्याङलुङ्ग नगर क्षेत्रभित्रको विपदलाई न्युनिकरण गर्न , विपतको समयमा तत्काल राहात र पुनः स्थापनाको लागी ८ वटा नगरस्तीय र वडास्तरीय विपद व्यवस्थापन योजना तथा कार्यक्रमहरुमा १८ लाख ६ हजार बजेट बिनियोजन गरिएको छ । उक्त रकम वित्तिय सामानीकरण बजेटको १.०९ प्रतिशत हुन आउँछ ।

## ५. सस्थागत विकास, सेवा प्रवाह र सुशासन

### क. सामान्य सेवा -

म्याङलुङ्ग नगरक्षेत्र भित्रका संस्था र नगरपालिकाको सेवा विकास, विस्तार लाई आधुनिकिकरण गर्दै सेवा प्रवाहमा सरलीकरणगर्न सामान्य सेवा तर्फका ६ वटा पुजिगत तर्फका योजना तथा कार्यक्रमहरुमा १०% नगद लागत सहभागीता सहित कुल ४ करोड ३७ लाख ४८ हजार १ सय ११ रुपैया पैसा ११ बजेट बिनियोजन गरिएको छ । १०% नगद लागत सहभागिता बाहेक कुल ४ करोड ३७ लाख ३७ हजार हुने उक्त रकम वित्तिय सामानीकरण बजेटको २६.५३ प्रतिशत हुन आउँछ । उक्त रकममा नगरपालिको फर्निचरको लागी विनियोजन गरिएको रु ७५ लाख र विपन्न परिवार र वेवारिसे दाह संस्कार सहयोग कार्यक्रमको लागी विनियोजन गरिएको रु २ लाख समेत समावेश रहेको छ । नगरपालिकाको चालु खर्च र वडा ब्यवस्थापनको खर्च समेत यसैमा समावेश रहेकोछ ।

### ख. सुरक्षा व्यवस्थापन .

म्याङलुङ्ग नगरक्षेत्रलाई सुरक्षित बनाउने रणनीति अनुसार सुरक्षाका योजनालाई सफल पार्न सुरक्षातर्फको १ वटा योजनमा कुल ३ लाख बजेट बिनियोजन गरिएको छ । उक्त रकम वित्तिय सामानीकरण बजेटको ०.१८ प्रतिशत हुन आउँछ । उक्त रकममा म्याङलुङ्ग नगर भित्र सि. सि. टि. भि. जडान गर्ने कार्यक्रमको लागी बिनियोजन गरिएको रु. ३ लाख समेत समावेश रहेको छ ।

### ग. सुचना प्रविधि - .

म्याङलुङ्ग नगरक्षेत्रलाई सुचना मैत्री वनाउन र सुचनाप्रवाहलाई सरल बनाई सुसुचित गर्न सुचना प्रविधि तर्फको १ वटा योजनामा कुल १० लाख बजेट बिनियोजन गरिएको छ । उक्त रकम वित्तिय सामानीकरण बजेटको ०.६ प्रतिशत हुन आउँछ ।

### घ. पंजिकरण व्यवस्थापन .

म्याङलुङ्ग नगरक्षेत्रभित्र पंजिकरणलाई व्यवस्थीत गर्न चालु आ व मा पंजिकरणव्यवस्थापनको लागी ३ वटा कार्यक्रमहरुमा कुल २ लाख बजेट बिनियोजन गरिएको छ । उक्त रकम वित्तिय सामानीकरण बजेटको ०.१२ प्रतिशत हुन आउँछ ।

## ङ. स्थानिय तथ्यांक संकलन र अभिलेख व्यवस्थापन -

म्याङलुङ्ग नगरक्षेत्र भित्र तथ्यांक तथा अभिलेखलाई व्यवस्थीत गरी आगामी दिनमा विकासको गतिलाई सहज र प्रभावकारी बनाउनको लागी ४ वटा कार्यक्रमहरुमा कुल २२ लाख ३३ हजार बजेट बिनियोजन गरिएको छ । उक्त रकम वित्तिय सामानीकरण बजेटको १.३५ प्रतिशत हुन आउँछ ।

## च. सुशासन प्रवर्द्धन-.

म्याङलुङ्ग नगरभित्र जवाफदेहिता ,पारदर्शिता, सुशासन प्रवर्द्धनको लागी ४ वटा सुशासन प्रवर्द्धनका आयोजना तथा कार्यक्रममा कुल १६ लाख ३० हजार बजेट बिनियोजन गरिएको छ । उक्त रकम वित्तिय सामानीकरण बजेटको ०.९९ प्रतिशत हुन आउँछ ।

## छ. अनुसन्धान र विकाश - .

म्याङलुङ्ग नगरका पदाधिकारी तथा कर्मचारीलाई क्षमता विकासको लागी संचालन हुने १ वटा कार्यक्रममा कुल ५ लाख बजेट बिनियोजन गरिएको छ । उक्त रकम वित्तिय सामानीकरण बजेटको ०.३० प्रतिशत हुन आउँछ ।

## ज. अन्यत्र वर्गिकृत नभएको .

म्याङलुङ्ग नगरमा साझेदारीको अवधारणालाई मुर्तरुप दिनको लागी आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास वातावरण तथा विपद व्यवस्थापन, सस्थागत विकास, सेवा प्रवाह र शुसासन कार्यक्रममा साझेदारी गर्न कुल २५ लाख समपुरक कोरुपमा बजेट बिनियोजन गरिएको छ । उक्त रकम वित्तिय सामानीकरण बजेटको १.५१ प्रतिशत हुन आउँछ । साथै सामाजिक सुरक्षा भत्ता, शसर्त अनुदान चालु खर्च, LGCDP कार्यक्रम तथा धरौटी फिर्ता समेत गरी १५ करोड ४४ लाख ७७ हजार ९ सय ५५ विनियोजन गरिएको छ ।

## सभाध्यक्ष महोदय,

**अब म चालु आर्थिक बर्षको लागि प्रस्ताव गरिएको बजेटको आयस्रोतको विवरण प्रस्तुत गर्दछु ।**

चालू खर्च, पूँजिगतखर्च र बित्तियव्यवस्थाको रकम समेत गरी कुल विनियोजित जम्मा रकम **रु.**32,98,14,123÷12 (**अक्षेरुपी बत्तिस करोड अन्ठानब्बे लाख चौध हजार एक सय तेईस पैसा बाह्र मात्र**) मध्ये रु १५ करोड वित्तिय सामान्यीकरणबाट, रु ८१ लाख आन्तरीक आय तथा राजश्व बाडफाँड बाट, रु १२ करोड १२ लाख ९८ हजार नेपाल सरकारबाट प्राप्त शशर्त ( शिक्षा, स्वास्थ्य र आयुर्वेद) चालु अनुदानबाट , रु २ करोड ६७ लाख ४६ हजार ६ सय नेपाल सरकारबाट प्राप्त सामाजिक सुरक्षा शशर्त चालु अनुदान बाट, रु ५५ लाख सडक बोर्ड शशर्त अनुदानबाट , रु १४ लाख ६१ हजार एल. जि. सि. डि. पि.बाट प्राप्त अनुदान बाट , रु **६८ लाख ५९ हजार २ सय ९१ रुपैया पैसा ७१** मौज्दात रकमबाट र **रु २४ लाख ७२ हजार ३ सय ५५ धरौटीबाट ( बित्तियव्यवस्था ) तथा ७५ लाख ३६ हाजर १ सय ६८ पैसा १२ नगद लागतसभागिताबाट** जुटाईनेछ । माथीको विश्लेषण बाट रु १ लाख ५९हजार २ सय ९१ रुपैया पैसा ७१ वचत हुन जाने देखिन्छ । उक्त बचत बाट अनुमान गरिएको आन्तरीक आय कम असुलीहुन गएमा समेत बजेट कार्यान्वयनमा केही टेवा मिल्ने देखिन्छ ।

## सभाध्यक्ष महोदय,

अव म बजेटमा व्यवस्था गरिएका विशेष प्रावधानहरु उल्लेख गर्न चाहान्छु ।

१. विकासलाई दिगो वनाउन पुर्वाधार प्रकृतिका आयोजना/कार्यक्रमबाट ३% रकम जुटाई मर्मत सम्भार कोष स्थापना गर्ने व्यवस्था मिलाएको छु । उक्त कोषमा जम्मा हुने रकम कार्यविधि वनाएर मात्र खर्च गर्न पाउनेव्यवस्था गरेको छु ।

२. स्वामित्वमा अपनत्वको लागी तथा थोरै लगानीबाट धेरै उपलब्धी प्राप्त गर्न नगरपालिकाबाट उपभोक्ता समिति ,संघ संस्था मार्फत संचालन गरिने सवै योजना तथा कार्यक्रमहरुमा कम्तीमा १०% नगद लागत सहभागीता अनिवार्य गर्ने व्यवस्था गरेको छु । १०% नगद लागत सहभागीता जम्मा गरेपछि मात्र योजना /कार्यक्रम ,सम्झौता गर्ने र एकलाख भन्दा बढी लागतको योजना तथा

कार्यक्रममा मात्र बढीमा ३० प्रतिशत सम्म पेश्की उपलब्ध गराउने व्यवस्था मिलाएको छु । अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

३. नगरपालिकाबाट संचालन गरिने १ लाख भन्दा बढी लागतका योजना तथा कार्यक्रममा मात्र ३% आयोजना व्यवस्थापन खर्च कट्टा गर्ने व्यवस्था मिलाएको छु ।यसरी कट्टा गरिएको रकम सम्बन्धीत आयोजनाको कार्यमा मात्र खर्च गर्न पाउने व्यवस्था गरेको छु । १ लाख भन्दा वढी लागतका आयोजना/कार्यक्रममा थप १% रकम उपभोक्ता समितिहरुले मसलन्द खर्च गर्न सक्ने गरी व्यवस्था गरेको छु ।

४. नगर सभा ,नगरपालिका,नगरकार्यपालिका, वडा समिति, विषयगत विभिन्न समितिहरुका सदस्य लगायतलाई बैठक भत्ता वापत प्रति बैठक प्रति व्याक्ति रु १ हजार खर्च लेख्ने प्रावधान मिलाएको छु ।

५. समयमानै कार्यसम्पन्न गर्न आर्थिक वर्षको अन्त्यमा आएर आयोजना स्विकृत गर्न नपाईने प्रावधान गरेको छु । चालु आ. व. देखी नै चैत्र मसान्त भित्रनै आयोजना संचालनको संम्झौता गरी सक्ने र जेष्ठ मसान्त भित्र फरफारक गरिसक्ने प्रावधान मिलाएको छु । योजना तथा कार्यक्रममा सार्वजनिक परिक्षण अनिवार्य गरेको छु ।

६. रु ६० लाख सम्म लागत भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समिति मार्फत संचालन गर्ने व्यवस्था मिलाएको छु ।

७. जनशक्ति अभावका कारणले कार्यालय समयमा मात्र कार्य सम्पादन गर्दा समयमानै कार्य फछ्र्यौट गर्न नसकिने अवस्था भएकोले कार्यपालिकाका विभिन्न आन्तरीक शाखामा कार्यरत कर्मचारीहरु तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुले अतिरिक्त समयमा समेत कार्य गनुपर्ने देखिदा उनिहरुलाई प्रोत्साहित गर्न शुरु तलव स्केलको १२.५% प्रोत्साहन भत्ता प्रदान गर्ने व्यवस्था मिलाएको छु यस्तो प्रोत्साहन भत्ता आन्तरीक आयले पुग्न सक्ने अवस्था भएमा मात्र भुक्तानी गर्ने व्यवस्था मिलाएको छु ।

८. परम्परागत दाहसंस्कार खर्चिलो भएको हुदा अति विपन्न परिवारलाई सहयोग पुरयाउने हेतुले सम्बन्धित वडा समितिको निर्णय सहितको सिफारिसमा नगरपालिकाले उपयुक्त देखेमा प्रति मृत्यु दाहासंस्कार रु.५ हजार सहयोग गर्ने व्यवस्था मिलाएको छु । वेवारिसे व्यक्तिको दाहसंस्कारमा समेत यस्तो सहयोग उपलब्ध गराइने छ ।

## **स**भाध्यक्ष महोदय,

१. म्याङलुङ्ग नगरपालिकाबाट नगरपालिकाको सञ्चालन र ब्यवस्थापनका लागि भएका निर्णयहरु, विनियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, सहिंता, संगठन संरचना तथा दरवन्दीमा समेत थप परिमार्जन वा संशोधन वा सुधार वा खारेजी नभएसम्मका लागि सोही बमोजिम कार्यान्वयनमा लैजाने प्रस्ताव स्वीकृतिका लागि पेश गरेको छु ।

२. आर्थिक वर्ष २०७४/७५ को नीति, बजेट तथा कार्यक्रमको अभिन्न अंगको रुपमा रहेको आय ब्ययको विवरण, राजस्व तथा अनुदान प्राप्तिको अनुमान, व्यय अनुमान, वित्तीय ब्यवस्था अनुमान, कार्यक्षेत्रगत ब्यय अनुमान, सशर्त अनुदानको कार्यक्रमलाई अनुसूचीमा राखी पेश गरेको छु । आर्थिक विधेयक २०७४ र विनियोजन विधेयक २०७४ यस अघिनै सभामा पेश भएको व्यहोरा जाहेर गर्दछु ।

३ अन्त्यमा यो नीति, बजेट तथा कार्यक्रमको तर्जुमा गर्दा मार्ग निर्देशन गर्नुहुने नगरप्रमुख संजय कुमार तुम्वाहाम्फे,सुझाव दिने प्रमुख प्रशासकिय अधिकृत विदुर प्रसाद खनाल लगायत सम्पूर्ण वडा अध्यक्ष, नगर कार्यपालिकाका सदस्य, नगर सभाका सदस्यहरु र नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु, नागरिक समाजका माहानुभावहरु, सामाजिक संगठन, सामुदायिक संस्था, पत्रकार र सम्पुर्ण नगरवासी प्रति आभार प्रकट गर्दै सफल कार्यान्वयनमा सबैको पूर्ण सहयोग पाउने विश्वास गर्दछु ।

४ समस्याहरु धेरै छन, सवैको एकैपटक समाधान सम्भव छैन र हुनपनि सक्दैन । वर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतिहरुको सामना गर्न हामी सवै कटिवद्ध ,प्रतिवद्ध र एकतावद्ध बनौ । म्याङलुङको उज्वल भविष्य निर्माणको लागी आशावादी बनौ ।

# **धन्यवाद**

पार्वती सानु डाँगी पौडेल
उपप्रमुख
म्याङलुङ्ग नगरपालिका, नगरकार्यपालिका
१ नं. प्रदेश, नेपाल